# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चैनपुर नगरपालिका

### संखुवासभा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चैनपुर नगरपालिका

### संखुवासभा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चैनपुर नगरपालिका

संखुवासभा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९/८०
च.नं. ६०

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
चैनपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

१. **कैफियतसहितको राय-** हामीले चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. २ करोड ८८ लाख ९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३० लाख ६४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २१ लाख ८४ हजार र नियमित गर्नुपर्ने रु. ३५ लाख ६१ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु. २९ करोड १७ लाख ५८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. २८ करोड ३ लाख ६१ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# चैनपुर नगरपालिका, संखुवासभा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६६ | ७९ | २८८०९ | ० | ० | ० | ६६ | ७९ | २८८०९ | ३०६४ | ३५६१ | २२१८४ | ० | ० | २५७४५ | ० |

## प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदनउपर कुनै पनि प्रतिक्रिया प्राप्त नभएको । | | | |

## अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| संखुवासभा | चैनपुर नगरपालिका | २९१७५८ | ० | ४०२०६ | २५१५५२ | ० | २८८०९ | २८०३६१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : चैनपुर नगरपालिका, संखुवासभा , चैनपुर नगरपलिका , संखुवासभा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | किरणप्रसाद ढकाल | २०७६-१२-११ | हालसम्म कार्यरत |
| लेखा प्रमुख | दिपेन्द्र चौलागाई | २०७८-४-१ | हालसम्म कार्यरत |
| | | **बेरुजु रकम** | २८,८०९,४४३ |

## स्थानीय तह

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,३४,१३,०१७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७,४५,९४,३२४ | **चालु खर्च** | ३८,१६,३३,२५५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६१,४३,९५७ | **पूँजीगत खर्च** | २४,१५,४९,५४४ |
| **राजश्व बाँडफाँट** | ११,०३,३१,४३९ | **वित्तीय/अन्य व्यवस्था** | १,६९,८८,७८७ |
| **आन्तरिक आय** | १,६९,२६,२८२ | | |
| **अन्य आय** | २,३७,७७,३३३ | | |
| **कुल आय** | ६५,१७,७३,३३५ | **कुल खर्च** | ६४,०१,७१,५८६ |
| **बाँकी मौज्दात** | | ९,५०,१४,७६६ | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै यस नगरपालिका स्थापनाको प्रमुख उद्धेश्य हो । यो नगरपालिका भूगोलको हिसाबमा संखुवासभा जिल्लाकै सबैभन्दा ठूलो कुल २२३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस नगरपालिकामा ११ वटा वडाहरु रहेका छन् भने सभामा ५९ जना सदस्यहरु रहेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या २८ हजार ७४ रहेको छ। | |
| २ | | | **प्राप्ती भुक्तानी विवरणः** | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्षरु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत / सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ६७,५६,९३,३२१.०४ | ६५,१७,७३,३३५.७३ | ० | ६५,१७,७३,३३५.७३ | ५८,०७,००,८४०.३७ | ० | ५८,०७,००,८४०.३७ |
| **क.प्राप्ति (सञ्चितकोषमा आम्दानी बाँधिने)** | | ६४,२५,७०,४६० | ६२,७९,९६,००२.६३ | ० | ६२,७९,९६,००२.६३ | ५५,१८,८८,४१७.४३ | ० | ५५,१८,८८,४१७.४३ |
| ११००० कर | ११ | १०,७४,५७,४६० | ११,३३,०४,५७७.३८ | ० | ११,३३,०४,५७७.३८ | ८,१५,१६,५५७.६६ | ० | ८,१५,१६,५५७.६६ |
| १३००० अनुदान | | ५२,६६,९३,००० | ५०,०७,३८,२८१.१७ | ० | ५०,०७,३८,२८१.१७ | ४६,३१,३२,४४६.३० | ० | ४६,३१,३२,४४६.३० |
| संघीय सरकार | १२ | ४९,८४,२७,००० | ४७,४५,९४,३२४.१७ | ० | ४७,४५,९४,३२४.१७ | ४४,३८,४४,२२६.३० | ० | ४४,३८,४४,२२६.३० |
| प्रदेश सरकार | १२ | २,८२,६६,००० | २,६१,४३,९५७ | ० | २,६१,४३,९५७ | १,९२,८८,२२० | ० | १,९२,८८,२२० |
| १४००० अन्य राजस्व | | ८४,२०,००० | १,३९,५३,१४४.०८ | ० | १,३९,५३,१४४.०८ | ७२,३९,४१३.४७ | ० | ७२,३९,४१३.४७ |
| ख. अन्य प्राप्ति | | ३,३१,२२,८६१.०४ | २,३७,७७,३३३.१० | | २,३७,७७,३३३.१० | २,८८,१२,४२२.९४ | | २,८८,१२,४२२.९४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३,३१,२२,८६१.०४ | १,९४,७७,६१२.१० | ० | १,९४,७७,६१२.१० | २,३५,५५,६१४.९४ | ० | २,३५,५५,६१४.९४ |
| धरौटी | | ० | ४२,९९,७२१ | ० | ४२,९९,७२१ | ५२,५६,८०८ | ० | ५२,५६,८०८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ७४,९६,६०,१३२.७६ | ६४,०१,७१,५८६.५८ | | ६४,०१,७१,५८६.५८ | ५७,५०,७०,९०२.५८ | | ५७,५०,७०,९०२.५८ |
| ग. भुक्तानी (सञ्चितकोषबाट) | | ७१,६५,३७,२७१.७२ | ६२,३१,८२,७९९.५८ | | ६२,३१,८२,७९९.५८ | ५५,४१,९४,४९९.५८ | | ५५,४१,९४,४९९.५८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २२,०७,११,००० | २१,१३,६४,८४१.३१ | ० | २१,१३,६४,८४१.३१ | ५,७९,०६,५८५.७८ | ० | ५,७९,०६,५८५.७८ |
| २२००० मालसामान तथा सेवाकोउपयोग | १८ | १९,२२,१२,१७०.७२ | १५,८२,७३,७०८.२७ | ० | १५,८२,७३,७०८.२७ | २९,११,२२,१०९.८० | ० | २९,११,२२,१०९.८० |
| २५००० सहायता (Subsidy) | १८ | ८,५०,००० | ७,६१,४०० | ० | ७,६१,४०० | १,२९,६४५ | ० | १,२९,६४५ |
| २६००० अनुदान | १८ | ५५,००० | ५५,००० | ० | ५५,००० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९६,३०,०४५ | ८४,९०,४५३ | ० | ८४,९०,४५३ | ५,७७,५०० | ० | ५,७७,५०० |
| २८००० अन्य खर्च | १८ | ७१,३१,९३० | २६,८७,८५३ | ० | २६,८७,८५३ | २४,२९,१९० | ० | २४,२९,१९० |
| ३१००० गैर वित्तीयसम्पत्ती / पूँजीगत खर्च | १८ | २८,५९,४७,१२६ | २४,१५,४९,५४४ | ० | २४,१५,४९,५४४ | २०,२०,२९,४६९ | ० | २०,२०,२९,४६९ |
| घ. अन्य भूक्तानी | | ३,३१,२२,८६१.०४ | १,६९,८८,७८७ | | १,६९,८८,७८७ | ५७,५०,७०,९०२.५८ | | ५७,५०,७०,९०२.५८ |
| कोषहरु | | ३,३१,२२,८६१.०४ | १,१९,४४,४५२ | ० | १,१९,४४,४५२ | १,९७,३९,८९८ | ० | १,९७,३९,८९८ |
| धरौटी | | ० | ५०,७४,३३५ | ० | ५०,७४,३३५ | ११,३६,५०५ | ० | ११,३६,५०५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३०,००० | | -३०,००० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,३९,६६,८११.७२) | १,१६,०१,७४९.१५ | | १,१६,०१,७४९.१५ | ५६,२९,९३७.७९ | | ५६,२९,९३७.७९ |
| च. गतवर्षको जिम्मेवारीरकम (अ.ल्या) | | | ८,३४,१३,०१७.६८ | | ८,३४,१३,०१७.६८ | ७,९२,८३,५३४.६८ | | ७,९२,८३,५३४.६८ |
| वर्षान्तको बाकी रकम (ङ +च) | | (७,३९,६६,८११.७२) | ९,५०,१४,७६६.८३ | | ९,५०,१४,७६६.८३ | ८,४९,१३,४७२.४७ | | ८,४९,१३,४७२.४७ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ९,५०,१४,७६६.८३ | | ९,५०,१४,७६६.८३ | ८,४८,१०,५५६.११ | | ८,४८,१०,५५६.११ |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षणः** उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरणसमेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाईसमेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br><br>लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्त्यर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । | |
| ५ | | | **वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ (१) मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकियअनुसार नगरपालिकाले स्थानीय सञ्चित कोषको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्- | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी रकम, यस वर्ष प्राप्त रकम र सञ्चित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शीर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• पालिकाको म.ले.प. फारम नं. २७२ को प्राप्ति भुक्तानी विवरण र अनुसूचीहरुमा देखाएको रकम बिच फरक देखिएको हुँदा स्थानीय सञ्चित कोष तथा अन्य कोषको आम्दानी र खर्च सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ । साथै, पालिकाले अनुदानहरुको यथार्थ निकासा र खर्च सम्बन्धमा समेत यकिन गर्नुपर्दछ ।<br>• स्थानीय सञ्चित कोष प्रणाली (SuTRA) को सञ्चित कोषको आम्दानी प्रतिवेदन र म.ले.प.फा.नं. २७२ मा संघीय सरकार, प्रदेश सरकार, राजश्व बाँडफाँड र अन्य आयको विवरणमा फरक देखिएको हुँदा वास्तविक आम्दानी र खर्च विवरण यकिन गर्न सकिएन । पालिकाले वास्तविक आम्दानी र खर्चको यकिन गरी सो को प्रतिवेदन पेश गर्नुपर्दछ ।<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइयो । | |
| ५ | | | **सञ्चित कोष जिम्मेवारीः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । पालिकाको आर्थिक वर्ष २०७७।७८ र यस आर्थिक वर्षको म.ले.प. फारम नं. २७२ को अनुसूची १० परिक्षण गर्दा सञ्चित कोषमा गत वर्ष स्रेस्ता अनुसार मौज्दात रु. ७३५९७११४ देखिएकोमा यस वर्ष रु. ७४०२१८११ जिम्मेवारी सारेको देखिन्छ । बढी जिम्मेवारी सारिएको रु. ४२४६९७ को हकमा हिसाव मिलान हुनुपर्दछ । | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **अन्त्यरिक नियन्त्रण प्रणाली विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्-<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणालीमार्फत गर्ने गरेको देखिएन ।<br>• अन्त्यर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन ।,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्यांकन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामानसहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन । | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकामा लागू भए तापनि सबै मालसामानहरुमा अद्यावधिक नगर्ने हुँदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दातबारे यकिन गर्न नसकिने हुँदा खरिद गरीएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ ।<br>• जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी त्यसमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टि.डि.एस. नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गूरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नुपर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्युनतम दररेट तोकेको पाइयो ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले आयोजना/कार्यक्रम छनोट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागितासहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादनलगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो को पूर्णरुपमा कार्यान्वयन भएको पाइएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• स्थानीय तहको आर्थिक कारोवारको लागि म.ले.नि.का. बाट स्वीकृत सफ्टवेयर सूत्र (SuTRA) प्रयोग गरी कारोवार संचालन र वित्तीय प्रतिवेदन तयार गरेको पाइयो ।<br><br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>जिम्मेवारी नसारेको: पालिकाले आफ्नो कोषहरुमा गत आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको रकम अर्को आर्थिक वर्षको शुरुवातमा जिम्मेवारी सार्नुपर्नेमा प्रकोप व्यवस्थापन कोषमा गत वर्ष बाँकी रहेको रु. ३८९२४३ यस वर्ष जिम्मेवारी सारिएको देखिएन । जिम्मेवारी नसारिएको रकम जिम्मेवारी सारी हिसाव मिलान हुनुपर्ने रु.</td><td>३८९,२४३</td></tr>
<tr><td>८</td><td></td><td></td><td>बैङ्क हिसाव मिलान: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिकरुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>विवध कोष</td><td>४९०९७९१</td><td>४८९६७१६</td><td>(१३०७५)</td></tr>
<tr><td>२</td><td>सञ्चित कोष</td><td>७८८७८४९१</td><td>७९०५२४९३</td><td>१७४००२</td></tr>
<tr><td>३</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>२६२३३६९</td><td>३०१२६१२</td><td>३८९२४३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८६४११६५१</td><td>८६९६१८२१</td><td>५५०१७०</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>अनुदान फिर्ता: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ को उपनियम १ मा संघीय सञ्चित कोषवाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको ससर्त अनुदान समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सोही नियमको उपनियम २ मा कुनै कारणवश सोही आर्थिक वर्षभित्र रकम फिर्ता गर्न नसकेमा आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । उपनियम २ बमोजिमको अवधिभित्र समेत</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रकम फिर्ता हुन नआएमा फिर्ता हुन नआएको रकम अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने समानीकरण अनुदान वा राजस्व बाडँफाडवाट कट्टा गर्नुपर्ने हुन्छ । त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को ससर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र ससर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा देहाय अनुसारको अनुदान फिर्ता गरेको प्रमाण पेश गरेको छ ।
<table>
<tr><th>फिर्ता गरेको रकम</th><th>सञ्चित कोष</th></tr>
<tr><td>१८८४०४३</td><td>प्रदेश सञ्चित कोष</td></tr>
<tr><td>२२०५७६५</td><td>संघीय सञ्चित कोष</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>बजेट पेश तथा स्विकृतः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री मुना श्रेष्ठले २०७८।३।१० गते रु. ७१६५३७२७१ को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको पाइयो । कानुनमा उल्लेख भए वमोजिमको समयमा बजेट अनुमान पेश गरी पारित गराई अख्तियारी प्रदान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र</td><td></td></tr>
</table>

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सूत्र (SuTRA) सफ्टवेयरबाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सूत्रमा उपलब्ध हुने चौमासिक खर्च विवरण अनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ । | |

रु. हजारमा

| क्र. सं. | बजेट शीर्षक/उपशिर्पक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
| १ | चैनपुर नगर कार्यपालिका | १४५४३९ | १७६२१ | ३७७२० | ९००९७ |
| २ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (ससर्त अनुदान) | ३२७५९ | ० | ५००० | २७७५९ |
| ३ | संघीय सरकार हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) | ८८९९ | ० | ० | ८८९९ |
| ४ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपूरक अनुदान) | ४१३३१ | ० | २७३६० | १३९७० |
| ५ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (ससर्त अनुदान) | ४३६६ | ० | ० | ४३६६ |
| ६ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपूरक अनुदान) | ८७५२ | ० | ० | ८७५२ |
| | जम्मा | २४१५४९ | १७६२१ | ७००८० | १५३८४७ |
| | प्रतिशतमा | १०० | ७ | २९ | ६४ |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राप्त विवरणको विश्लेषण गर्दा कुल खर्चमध्ये ६४ प्रतिशत खर्च तेस्रो चौमासिकमा भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्थाअनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| १२ | | | **प्रशासकीय सँगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २७ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित २९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३ | | | **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरीद गर्दा तोकिएबमोजिम खरिदको गूरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद इकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरिद नियम तथा खरिद प्रक्रियामा सबैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनुपर्दछ । | |
| १४ | | | **विद्यालयगत निकासा रजिस्टर्डः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय-व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख रहेको छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविकरुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएकोबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नुपर्दछ । | |

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>
क्षेत्रगत बजेटको विश्लेषणः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्चमध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>५७७८५०००</td><td>५१८८३५४३</td><td>११</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३४३४४२५०५</td><td>३१११०६२६१</td><td>६७</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१९७४२२००७</td><td>१७९६३०७०</td><td>३</td></tr>
<tr><td>वातावरण तथा विपद व्यवस्थापन</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह</td><td rowspan="2">८३४३८११</td><td rowspan="2">३४३२२९६</td><td rowspan="2">१</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td></tr>
<tr><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>१०९५४३९४८</td><td>७८७९७६२८</td><td>१८</td></tr>
<tr><td>जम्मा</td><td>७१६५३७२७१</td><td>४६३१८२७९९</td><td>१००</td></tr>
</table>
खर्च बिश्लेषणः पालिकाले यस बर्ष कुल आन्तिरक आय रु. १६९२६२८२ र राजस्व बाँडफाँडसमेत रु. १२७२५७७२१ र समानीकरण अनुदानबाट रु. १५६३८७००० गरी जम्मा रु. २८३६४४७२१ आम्दानी भएकोमा चालुतर्फ रु. १४३५०५४८५ र पूँजिगततर्फ रु. १४०१३९२३६ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा ५ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. १००३२००० खर्च भएको छ जुन आन्तरिक आय ५९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको समानीकरण अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६ प्रतिशत चालु र ४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **भ्रमण अभिलेखः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बिलअनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरी एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मूल्यांकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदनबेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मूल्यांकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ आगामी दिनमा पालिकाले कानुनमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| १७ | | | **सामुदायीक विद्यालयको शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज अनुसार सम्बन्धित स्थानीय तहले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । नगरपालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । नगरपालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १८ | | | **तलब प्रतिवेदन पारित नगरेकोः** निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी दिँदा पारित ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारित गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत ३२ जना कर्मचारीको आ.व. २०७८/७९ तलवी प्रतिवेदन पालिकाले नै पारित गरी मा रु. १,६३,८१,३९३ तलब खर्च लेखेको पाइयो । तलवी प्रतिवेदन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्न सकिएन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ । | |
| १९ | | | **सेवा प्रवाहः** नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु नगरवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनुपर्दछ । नगरपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ । | |

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>सेवा प्राप्तिका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>१३७३</td><td>१३७३</td><td></td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>४०४</td><td>४०४</td><td></td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>३३६</td><td>३३६</td><td></td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>१९२०</td><td>१९२०</td><td></td></tr>
<tr><td>५</td><td>अन्य</td><td>५०१०</td><td>५०१०</td><td></td></tr>
</table>
पालिकाले सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाई सबैको अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>आर्थिक सहायताः सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्डभित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्चबापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ । साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एवं कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ । पालिकाको चालु खर्चतर्फ नमूना छनोटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु. ४ लाख ८१ हजार हजार आर्थिक</td><td></td></tr>
</table>

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सहायता वितरण गरेको देखियो । आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेकोजस्ता अवस्था देखियो । पालिकाले आर्थिक सहायता एवं अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन । उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण् भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ । पालिलकाको समानीकरण चालु तर्फको लेखापरीक्षण छनोटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्- | |

| क्र.सं. | शीर्षक र प्रयोजन | रकम रु. | प्राप्त गर्ने |
|---|---|---|---|
| १ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १५००० | जीत बहादुर श्रेष्ठ |
| २ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १५००० | ज्ञान बहादुर राई |
| ३ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५००० | जगत बहादुर अधिकारी |
| ४ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १५००० | निरुता राई |
| ५ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १५००० | सकुल कम्फे |
| ६ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १५००० | पदम बहादुर दर्जी |
| ७ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५००० | टंक बहादुर खत्री |
| ८ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १५००० | रत्न बहादुर रिजाल |
| ९ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५००० | रमिला कटुवाल शेर्पा |

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>१५०००</td><td>सन्चवीर लिम्बु</td></tr>
<tr><td>११</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>५०००</td><td>फुल कुमारी शेर्पा</td></tr>
<tr><td>१२</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>५००००</td><td>टंक बहादुर खत्री</td></tr>
<tr><td>१३</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>१५०००</td><td>सुशिला राई</td></tr>
<tr><td>१४</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>१५०००</td><td>नन्द कुमारी राई</td></tr>
<tr><td>१५</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>१५००</td><td>रिता ताम्राकार</td></tr>
<tr><td>१६</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>१५०००</td><td>दिपक विश्वकर्मा</td></tr>
<tr><td>१७</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>१५०००</td><td>टेक कुमारी सुवेदी</td></tr>
<tr><td>१८</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>५०००</td><td>मिङ्गमाराम शेर्पा</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>लक्ष्य/प्रगति स्थितिः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनुपर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तीय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष नियमको उक्त व्यवस्थाअनुसार सबै कारोबारको भौतिक एवं वित्तीय प्रगति तयार गरेको छैन । सो पेश नभएबाट बार्षिक लक्ष्यअनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>भ्रमण अभिलेख तथा प्रतिबेदनः भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विलअनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरी एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मूल्यांकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदनबेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मूल्यांकन</td><td></td></tr>
</table>

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम प्रभावकारी भयो भन्ने आधार भएन । तसर्थ नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| २३ | | | **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको देखिएन । | |
| २४ | | | **जिन्सी लगत र संरक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षणमा कुनै पनि कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तसहित त्यसको संरक्षण गर्ने कर्तव्य सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने र नियम ९९ मा सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पुर्ण विवरण खुलाई आम्दानी बाँध्नुपर्नेमा सो नखुलाई खर्च भएर नजाने जिन्सी खाता व्यवस्थित नभएको र आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| २५ | | | **कानुन निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्दछ । यस पालिकाले हालसम्म २१ ऐन, ५ नियमावली, २२ कार्यविधि,२ निर्देशिका समेत ५५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| २६ | | | **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ४ विवाद दर्ता भएकोमा ३ वटा मात्र फस्र्यौट भई १ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **पेश्की**ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्कीसम्बन्धी व्यवस्था रहेको छ । एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत १५ सयाको अस्पताल बनाउन स्वामिनारायण विनायक जेभी सँग पालिकाले रु. १२७०५७६०८ मा आर्थिक वर्ष २०७७/७८ मा सम्झौता भएको देखिन्छ । ठेक्का कबोल गर्ने उक्त निर्माण व्यवसायीलाई कार्यालयले रु. २५००००००० पेश्की दिएकोमा रु. १०००००० फस्यौंट भई बाँकी रु. २४०००००० पेश्की बाँकी रहेको छ । मोबिलाइजेसन पेश्की समयमा फस्यौंट हुनुपर्दछ । | |
| २८ | | | **विविध कोष**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ मा गाउँपालिका तथा नगरपालिकाले प्राप्त गर्ने सबै रकम स्थानीय सञ्चित कोषमा आम्दानी बाँधी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरणअनुसार पालिकाको नाममा रहेको विविध कोष ग २ १ मा मौज्दात रहेको रु. १०५०००० के वापतको रकम हो भनी नखुलेको हुँदा नियमानुसार स्थानीय सञ्चित कोषमा ट्रान्सफर गरी आम्दानी बाँध्नुपर्दछ । | |
| २९ | | | **योजना तर्जुमा**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउँदा मध्यमकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न रु. २५००० देखि रु. ५००००० सम्मको सानो प्रकृतिका योजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर छनोट तथा कार्यान्वयन गरेको देखियो । साना साना योजना वडावाट छनोट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई मध्यम र ठूला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| ३० | | | **लेखा**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण, २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरी दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तीय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै सञ्चित कोषको अवस्था, आन्तरिक राजश्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, सञ्चित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष पालिकाले उपर्युक्त ढाँचा अनुसारको सम्पुर्ण आर्थिक कारोबार सूत्रमा अभिलेख नभएको अवस्था देखियो। आगामी दिनमा सम्पुर्ण अभिलेख गर्ने व्यवस्था हुनुपर्दछ । | |
| ३१ | | | **संघीय समपुरकः** नेपाल सरकार समपूरक अनुदान कार्यविधि, २०७५ को दफा ६(१) मा कुल लागतको बढीमा ५० प्रतिशत सम्म नेपाल सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ । तसर्थ पालिकाले ५० प्रतिशत लागत सहभागिता व्यहोर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । तर पालिकाले देहाय समपूरक तर्फको योजनाहरुको कार्यान्वयनको दौरानमा प्रत्येक आर्थिक वर्ष लागत सहभागिता पुग्ने गरी बजेट निर्धारण गरी खर्च गरेको देखिदैंन । योजनाहरुको कुल लागतमा पालिकाको समेत ५० प्रतिशत लागत सहभागिता पुग्ने गरी बजेट निर्धारण गर्नुपर्दछ । | |

| योजना | खर्च रकम | पालिकाको लागत सहभागिता |
|---|---|---|
| चैनपुर रातमाटे बेर्रे मवादीन सडक | १७२३१७५१ | ३१६०७१५ |
| चैनपुर बजार सिरान देखि सिद्धकाली जाने सडक | ११९३५०८९ | २०००००० |
| खराङ हात्तिसुडे पिलुवा दोभान सडक दोस्रो खण्ड | ६२४०३०२ | ३९२९८८९ |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **प्रदेश समपुरकः** नेपाल सरकार समपूरक अनुदान कार्यविधि, २०७५ को दफा ४(२) मा कुल लागतको बढीमा ७० प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ । तसर्थ पालिकाले ३० प्रतिशत लागत सहभागिता व्यहोर्नुपर्ने व्यवस्था | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेको देखिन्छ । तर पालिकाले देहाय समपूरक तर्फको चैनपुर रातमाटे बेर्रे सडक योजनामा रु. ४८३३२९८ भुक्तानी गरेकोमा सबै भुक्तानी प्रदेश समपूरक अनुदानवाट गरेको देखिन्छ । योजनाको कुल लागतमा पालिकाको समेत ३० प्रतिशत लागत सहभागिता पुग्ने गरी बजेट बनाउने र सोही अनुरुप खर्च गर्नुपर्दछ । | |
| ३३ | | | **नाफामुलक संस्थालाई अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले गाउँ विकास बचत तथा ऋण सहकारी संस्थालाई रु. ९९५१७५ र समाजस्पर्श बचत तथा ऋण सहकारी संस्थालाई रु. ९७९५२४ गरी जम्मा रु. १९७४६९९ सहयोग नाफामुलक संस्थालाई उपलब्ध गराएको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ३४ | | | **ससर्त अनुदान फिर्ताः** पालिकाले संघीय ससर्त अनुदान चालुतर्फ आइ. डि. ए. कार्यक्रम प्रधानमन्त्री रोजगारतर्फ आर्थिक वर्षको अन्त्यमा रु. ५८१००० प्राप्त गरेकोमा खर्च नभई बाँकी रहेको हुँदा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु. | ५८१,००० |
| ३५ | | | **खरिद सम्झौताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २०(३) अनुसार प्रथम चौमासिक अवधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा पालिकाले देहायअनुसार तेश्रो चौमासिकमा १५७ वटा कामको रु. ९२७४०९५२ को खरिद सम्झौता गरेको पाइयो । साथै असार महिनासमेत १६ वटा सम्झौता रु. १७४७३४८२ को गरेकोले कानुनमा उल्लेखित व्यवस्थाको पालना भएको नदेखिएकोले कानुनमा उल्लेखित व्यवस्थाको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्र. सं. | कार्यक्रमको नाम | खरिद सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिना | | | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | उपभोक्ता समिति | २६९ | ९७१६९५९२ | ३ | ४४३२५० | १०८ | ३१४०३९२१ | १४५ | ५७०९४१७१ | १३ | ८२२८२५० | २६९ | ९७१६९५९२ |
| २ | ठेक्का र कोटेशनसमेत | १९ | ८०१९८७८५ | ० | ४४९१५९२ | ४ | ३९१५४६७२ | १२ | ३५६४६७८१ | ३ | ९२४५२३२ | १९ | ८०१९८७८५ |
| | जम्मा | २८८ | १७७३६८३७७ | ३ | ४९३४८४२ | ११२ | ७०५५८५९३ | १५७ | ९२७४०९५२ | १६ | १७४७३४८२ | २८८ | १७७३६८३७७ |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **शैक्षिक प्रतिवेदनः** अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक नगरपालिकाले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत र अन्य आवश्यक कुरासहितको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्तअनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षासम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमासमेत पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाले कानुनमा व्यवस्था भएबमोजिम प्रतिवेदन पेश गरेको देखिएन । | |
| ३७ | | | **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शीर्षकबाट खाना तथा विविधतर्फ मात्र रु. ३४१५७९३/— खर्च गरेको छ । यस्तो खर्च लेख्दा पुष्टयाई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गर्दै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ३८ | | | **शिक्षक दरवन्दी र पदपुर्तिः** नगरपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपूर्ति देहायअनुसार रहेको छ ।<br><br>विद्यालय संख्या: ५८ वटा; शिक्षक दरबन्दी: २७६; पदपूर्ति: २७४; पदपूर्ति मध्ये करार: ११०; विद्यार्थी संख्या: ७०४१<br><br>उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विद्यार्थी संख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा २६ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा नगरपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनुपर्ने देखिन्छ । | |
| ३९ | | | **प्रकोप व्यवस्थापन कोष तर्फः** | |

Nested table in row ३८:

| विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| ५८ वटा | २७६ | २७४ | ११० | ७०४१ |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९. १ | | | यस पालिकाले प्रकोप व्यवस्थापन कोषको नामबाट कोष खडा गरी कार्यविधि बनाई कोभिड नियन्त्रणको कार्यसञ्चालन गरेको देखिन्छ । यस कोषमा अ.ल्या. रु. ३,८९,२४३।- र आ.व. २०७८।७९ मा रु. ३५,८७,५६८।- आम्दानी गरी जम्मा रु. ३९,७६,८११।- प्राप्त भएकोमा रु. ९,६४,१९९।- खर्च भइ रु. ३०,१२,६१२।- मौज्दात रहेको देखिन्छ । कोषबाट कोभिड नियन्त्रणको कार्यमा भएको खर्चको उदाहरण निम्नानुसार रहेका छन्-<br>सि. नं. \| शीर्षक \| रकम<br>१ \| आइसोलेसन व्यवस्थापन \| ८७६६३१<br>२ \| विविध \| ८७५६८<br> \| जम्मा \| ९६४१९९<br>यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्: | |
| ३९. २ | | | पालिकाले कोभिड नियन्त्रणको लागि यस कोषबाट खरिद गरेको औषधिलगायत सामानहरुको छुट्टै अभिलेख राखेको देखिएन । यसबाट कोभिड नियन्त्रण कार्यमा वास्तविक रुपमा कति औषधि प्रयोग भएको भनी यथार्थ नदेखिने हुँदा कोभिड नियन्त्रणको लागि विनियोजित रकमबाट खरिद सामानको छुट्टै अभिलेख खाता राख्नुपर्ने देखिन्छ । | |
| ४० | | | **पार्किङ शुल्कः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकारक्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र करवापतको बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ । पालिकाले पार्किङ शुल्कको लागि ठेक्का आह्वान गरेकोमा रविन ढुङ्गानासँग रु. ५००५०० मा सम्झौता भएको देखिन्छ । लेखापरीक्षणको अवधिसम्म निजले कबोल अङ्कमध्ये रु. ३७५००० मात्र दाखिला गरेको हुँदा दाखिला गर्न बाँकी रु. १२५५०० र १० प्रतिशत जरिवाना सहित रु. १३८०५० निजबाट असुल गरी स्थानीय सञ्चित कोषमा आम्दानी बाध्नुपर्ने रु. | १३८,०५० |
| ४१ | | | **निकासी करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकारक्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र करवापतको बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ । पालिकाले पिलुवा अरुण खोला ढुङ्गा गिट्टी निकासीको लागि ठेक्का आह्वान | २७५,००० |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोमा चैनपुर न. पा. वडा नं. ४ वस्ने उत्तर कुमार लिम्बुसँग रु. ५००००० मा सम्झौता भएकोमा निजले हालसम्म रु. २५०००० मात्र दाखिला गरेको प्रमाण पेश भएको छ । २०७८ साल चैत्र मसान्तमा नै दाखिला गर्नुपर्ने बाँकी रकम रु. २५०००० दाखिला नगरेको हुँदा १० प्रतिशत जरिवाना सहित रु. २७५००० निजबाट असुल गर्नुपर्ने रु. | |
| ४२ | | | **मूल्य अभिवृद्धि कर दाखिलाः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूनी १ मा उल्लेख भएका सेवा तथा वस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको वस्तु तथा सेवाबाहेकका वस्तुमा मूल्य अभिवृद्धि कर छुट दिन नहुने व्यवस्था छ । जसअनुसार पालिकाबाट प्राकृतिक स्रोत बिक्रीका लागि बन्दोबस्त भएको ठेक्कामा बिक्री मूल्यमा लाग्ने मूल्यमा अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैंन । पालिकाले निकासी करको लागि ठेक्का आह्वान गरेकोमा उत्तर कुमार लिम्बुले भ्याट सहित रु. ५००००० मा ठेक्का कबोल गरेको देखिन्छ । निजले दाखिला गरेको रु. २५०००० मध्ये रु. ३२५०० भ्याट रकम रहेको हुँदा उक्त रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | ३२,५०० |
| ४३ | | | **सटर भाडाः** पालिकाले आन्तरिक आयतर्फ बस पार्कमा अवस्थित ६ वटा सटर भाडामा लाउने गरी सम्बन्धित व्यवसायसँग सम्झौता गरेको देखिन्छ । सम्बन्धित व्यवसायीले मासिकरुपमा सम्झौता अनुसारको रकम पालिकामा बुझाउनुपर्नेमा देहायअनुसारको सटरहरुको यस आर्थिक वर्षमा देहायअनुसारको भाडा बक्यौदा रहेको हुँदा सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | १०१,००० |

| सि.नं. | सटर | भाडामा लिने | मासिक भाडा | जम्मा | दाखिला गरेको | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | १ र २ नम्बर | भिमेश्वर कृषि तथा पशुपंक्षी फर्म | ५५०० | ६५०० | २२०० | ३८५०० |
| २ | ७ र ८ नम्बर | सन्दिम नालामी | ५२०० | ६२५०० | ० | ६२५०० |
| | जम्मा | | | | | १०१००० |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **अनुगम भत्ताः** प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफासँग सम्बन्धी अनुसूची १ र दफा ८ को उपदफा १ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यलाई तोकिएबमोजिम | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । द्रष्टव्य खण्डमा मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले पदाधिकारीहरुलाई ऐनबमोजिम रु. ५१५४०० अनुगमन भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन । | |
| ४५ | | | **वडा समिति बैठक भत्ताः** प्रदेश नं. १ गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (ख) को क्र.सं. १ मा समितिको बैठक भत्ता (प्रति बैठक) दैनिक रु. १००० उपलब्ध गराउने उल्लेख छ । तर देहायका वडा समितिको बैठक भत्ता भुक्तानी गर्दा बढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | २८४,५८० |

| भौचर नं | वडा नं | प्रतिनिधि/ कर्मचारी संख्या | बैठक संख्या | बैठक भत्ता हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| २३८-०७८।९।१० | ८ | ७ | १२ | १००० | १२०० | २०० | १४२८० |
| ३००-०७८।९।३० | ४ | ६ | १२ | १००० | १५०० | ५०० | ३०६०० |
| ३०२-०७८।१०।१ | ५ | ७ | १२ | १००० | १५०० | ५०० | ३५७०० |
| ३०५-०७८।१०।१ | ९ | ७ | १२ | १००० | १५०० | ५०० | ३५७० |
| ४०१-०७८।११।३ | १० | ८ | १२ | १००० | १५०० | ५०० | ४०८०० |
| ४६६-०७८।११।२५ | ११ | ७ | १६ | १००० | १५०० | ५०० | ४७६०० |
| ४९५-०७८।११।३० | १ | ७ | १४ | १००० | १५०० | ५०० | ४१६५० |
| ६२६-०७९।१।८ | ५ | ७ | ६ | १००० | १५०० | ५०० | १७८५० |

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>६४०-०७९।१।११</td><td>४</td><td>६</td><td>८</td><td>१०००</td><td>१५००</td><td>५००</td><td>२०४००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>२८४५८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>निजी सचिव खर्चः प्रदेश नं. १ गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उपदफा ३ अनुसार कार्यरत स्वीकृत दरबन्दीको कर्मचारी मध्येबाट नगर प्रमुखले एक जना निजी सचिव राख्न पाउने व्यवस्था छ । निजी सचिव शाखामा नायब सुब्बा पदमा टंक रोक्का नियुक्ती गरी मासिक रु. ३२२०० का दरले रु. ४१६६०० खर्च लेखेको छ । ऐनमा व्यवस्था भएभन्दा विपरित नायब सुब्बा पदमा नियुक्ति खर्च गर्दा नगरपालिकालाई थप आर्थिक व्ययभार पारेको अनियमित देखिएको रु.</td><td>४१६,६००</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३२ जना कर्मचारीहरु करारमा राखि रु. १,००,१३,०७४ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचेलगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक नायब सुब्बा, खरिदार, फोन अपरेटर, वडा सचिव लगायत विभिन्न पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २४,३८,३७६/- भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td>२,४३८,३७६</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ताः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका सर्त तथा सुविधासम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुनबमोजिम हुने र दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको सर्त तथा सुबिधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ । पालिकाले कानुन नबनाई २०७८।१०।०३ तथा २०७८।१२।१० को नगर सभा बैठकको निर्णयअनुसार यस बर्ष ३ जना कर्मचारीलाई अतिरिक्त काम गरेबापत निजहरुलाई मासिक तलवको ५० प्रतिशतका दरले प्रोत्साहन भत्ता भुक्तानी गर्ने निर्णय गरी रु.</td><td></td></tr>
</table>

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५,८८,४४१ प्रोत्साहन भत्ता भुक्तानी गरेको पाइएकोले उक्त खर्चले कार्यालयको आर्थिक व्ययभार बढेको पाइयो । आगामी दिनमा कानुनको निर्माण गरेर मात्र खर्च गर्ने तथा नियमको पालना गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ४९ | | | **संचार खर्चः** पालिकाले यस वर्ष संचार खर्च शीर्षकबाट इन्टरनेट शुल्क तथा मोबाईल रिचार्ज खर्च रु. १०,६७,०५७ खर्च गरेको छ । कार्यालयमा ल्यान्डलाईन टेलिफोन जडान नभएकोले कर्मचारी तथा पदाधिकारीहरुलाई संचार खर्चबापत मोवाइलमा रिचार्ज खर्च दिने गरेको पाइयो । यसरी संचार खर्च भुक्तानीसम्बन्धी कार्यविधि नभएकोले कति खर्च पाउने हो यकिन गर्न सकिएन । आगामी दिनमा संचार खर्चसम्बन्धी कार्यविधि बनाई खर्चमा मितव्ययिता अपनाउनुपर्दछ । | |
| ५० | | | **इन्धन खर्चको मापदण्डः** प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय प्रयोजन) मा रु. ९९६९८९/- र इन्धन (पदाधिकारी) मा रु.४३६२९६/- गरी जम्मा रु.१४३३२८५/- खर्च गरेको छ । पदाधिकारीलाई मासिकरुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेखसमेत राखेको पाइएन । प्रत्येक सवारी साधनको प्रयोगको लगबुक राखि सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा सवारी साधन प्रयोगको लगबुक राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| ५१ | | | **अग्रिम करः** आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिबाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु. | ४८,३२२ |

| भौ.नं. र मिति | व्यक्ति वा फर्मको नाम र विवरण | भुक्तानी रकम | १५ प्रतिशत | कैफियत |
|---|---|---|---|---|

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | विभिन्न भौचर | मेडिकल अफिसर डा. सरोज थापा मासिक रु. ५०००० प्रोत्साहन भत्ता भुक्तानी | २२३३३८ | ३१२६७ | १% कर कट्टी गरेको | |
| | | | ४५-०७८।८।२१ | सुष्मा केसी | ३६०० | ३६० | | |
| | | | ४५-०७८।८।२१ | नेबी बुढा | ३६०० | ३६० | | |
| | | | ८२-०७८।९।२९ | किरण प्रसाद ढकाल | ९००० | ११२५ | | |
| | | | ८२-०७८।९।२९ | टंक बहादुर रोक्का | ९००० | ११२५ | | |
| | | | ८५-०७८।१०।१७ | सुष्मा केसी | ९६०० | १२६० | | |
| | | | ८५-०७८।१०।१७ | नेबी बुढा | ९६०० | १२६० | | |
| | | | ८५-०७८।१०।१७ | किरण प्रसाद ढकाल | ७५०० | ९०० | | |
| | | | ८५-०७८।१०।१७ | टंक बहादुर रोक्का | ९००० | ११२५ | | |
| | | | ८७-०७८।१०।१० | सुष्मा केसी | ९६०० | १२६० | | |
| | | | ८७-०७८।१०।१० | नेबी बुढा | ९६०० | १२६० | | |
| | | | ८७-०७८।१०।१० | किरण प्रसाद ढकाल | ९००० | ११२५ | | |
| | | | ८७-०७८।१०।१० | टंक बहादुर रोक्का | ९००० | ११२५ | | |
| | | | ९१-०७८।१०।१८ | सुष्मा केसी | ९६०० | १२६० | | |

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९१-०७८।१०।१८</td><td>नेबी बुढा</td><td>९६००</td><td>१२६०</td><td></td></tr>
<tr><td>९१-०७८।१०।१८</td><td>किरण प्रसाद ढकाल</td><td>९०००</td><td>११२५</td><td></td></tr>
<tr><td>९१-०७८।१०।१८</td><td>टंक बहादुर रोक्का</td><td>९०००</td><td>११२५</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४८३२२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>ब्रोकाष्टिङ्ग सर्टिफिकेटः आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कार्यालयले सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकार प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । पालिकाले रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण गर्न मिल्के मिडिया प्रा.लि. (रेडियो अरुण १०७.१ MH) चैनपुरसंग सम्झौता गरी रु. २८५००० खर्च लेखेको छ । पालिकाले मिडियालाई भुक्तानी दिंदा कार्यक्रम प्रशारणसम्बन्धी ब्रोडकाष्टिङ्ग सर्टिफिकेट पेश हुनुपर्नेमा नभएकोले सो कागजात पेश गर्नुपर्ने रु.
<table>
<tr><td>भौचर नं.</td><td>प्रशारण भएको कार्यक्रमको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>२९०-०७८।९।२९</td><td>कार्यक्रम तथा सूचना सन्देशमूलक सामाग्री प्रशारण</td><td>१९५०००</td></tr>
<tr><td>४६३-०७८।११।२२</td><td>रेडियो कार्यक्रम हाम्रो कक्षा</td><td>९००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२८५०००</td></tr>
</table>
</td><td>२८५,०००</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>तलबी प्रतिवेदनः सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलब भुक्तानी गर्दा राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गरी विद्यालयको मागअनुसार भुक्तानी गर्नुपर्दछ । पालिकामा रहेका ५८ सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलब रु.</td><td></td></tr>
</table>

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १५७१०५४३९ भुक्तानी भएकोमा तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो । जसले गर्दा वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्न सकिएन । आगामी दिनमा तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ । | |
| ५४ | ३६५ | २०७९-३-२२ | **स्यानिटरी प्याड खरीदः** सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणले विद्यालय छाड्ने समस्या समाधान गर्न संघीय सरकारमार्फत सशर्ततर्फ स्थानीय तहलाई बजेट विनियोजन भएको छ । सो कार्यलाई व्यवस्थित गर्न सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन), २०७६ जारी गरेको छ । स्थानीय तहबाट खरिद गरिने सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नुपर्ने कार्यविधिमा उल्लेख छ । यस नगरपालिकाले आ.ब. २०७८/७९ मा सेनिटरी प्याड वितरण तथा व्यवस्थापनका लागि प्राप्त बजेटबाट रु. ९९९७११ को १८००० थान सेनिटरी प्याड खरिद गरेको छ । उक्त सेनिटरी प्याड सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन), २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वितरण नगरी नगरपालिकाको स्टोरमै राखिएको पाइयो । लामो समयसम्म स्टोरमा राख्दा उक्त प्याडको गुणस्तरमा ह्रास आउने तथा म्याद सकिने हुँदा कार्यक्रमको उद्देश्यबमोजिम छात्राहरुलाई हस्तान्तरण हुनुपर्दछ । बजेट फ्रिज हुन नदिने उद्देश्य राखी केबल खरिदका लागि खरिद गर्ने कार्यलाई निरुत्साहित गरिनुपर्दछ । विद्यालयले प्राप्त गरेको र पालिकामा मौज्दात रहेको समेत सबै सेनिटरी प्याड सम्बन्धित छात्राहरुलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु. | ९९९,७११ |
| ५५ | | | **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ सामुदायिक विद्यालयकामा प्रारम्भिक वाल विकास कक्षादेखि ५ कक्षासम्म अध्ययन गर्ने वालवालिकालाई प्रतिविद्यार्थी रु. १५ का दरले विद्यालय संचालन भएको दिनलाई आधारमानी विद्यालयको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि, विद्यालयको प्र.अ. र वि.व्य.स. अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात् अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकामा रहेका विद्यालयहरुलाई दिवा खाजा अनुदान उपलब्ध गराउँदा विद्यार्थीको दैनिक हाजिरी भन्दा बढी भुक्तानी भएको पाइएकोले देहायका विद्यालयहरुलाई बढी भुक्तानी भएको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | २७९,७५७ |

| क्र.सं. | विद्यालयको नाम | अनुदान भुक्तानी भएको | अनुदान भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | शारदा मा.वि. खराङ | ७०२६९० | ५७१७९० | १३०९०० |
| २ | वालज्योति आ.वि. कल्लेरी | १०५९९५ | ९८३१० | ७६८५ |
| ३ | सुंखुवा आ.वि. तुपुवा | ५५३६० | ५०१०० | ५२६० |
| ४ | भिमसेन आ.वि. आहालडाँडा | १३०९२५ | १२८७९५ | २१३० |
| ५ | ज्यालामुखि आ.वि. यङसिजुङ | १४२९४२ | १४१३४५ | १५९७ |
| ६ | सिंहेश्वरी आ.वि. लेवारिङ | १०३९६० | १०१२०५ | २७५५ |
| ७ | सर्वमंगल आ.वि. रातमाटे | १३४६६५ | १३३०६५ | १६०० |
| ८ | वालज्योति आ.वि. कोक्सा | १३०८४० | ४६५०० | ८४३४० |
| ९ | वाल मन्दिर आ.वि. चैनपुर | १०३४६५ | ८३४९० | १९९७५ |
| १० | महादेवस्थान आ.वि. मैदाने | ३४२५० | १५६३५ | १८६१५ |
| ११ | सरस्वति आ.वि. भित्रे | १५६६७० | १५१७७० | ४९०० |
| जम्मा | | १८०१७६२ | १५२२००५ | २७९७५७ |

| | | | | |
|---|---|---|---|---|
| ५६ | | | **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कार्यालयले सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । शिक्षा शाखा प्रमुखले संचालन गरेको विद्यालय कर्मचारी कम्प्युटर तालिम तथा विद्यालय शैक्षिक गुणस्तर अभिवृद्धि आर्थिक योजना कार्यक्रम संचालन गरेवापत कार्यपत्र तथा प्रतिवेदन खर्च भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १०,२०० |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **औषधि खरिदः** | |
| ५७.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष नगरपालिका चालु खर्चबाट राष्ट्रिय स्तरको बोलपत्र गरी रामलक्ष्मण फर्मेसीबाट ८८ प्रकारको औषधि खरिद गरी भौचर नं. ६७९/०७९।१।२२ बाट रु. ९६८७३७ खर्च लेखेको छ । सोसम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्ः | |
| ५७.२ | | | खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात यकिन नगरेको, | |
| ५७.३ | | | आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ५७.४ | | | आपूर्ति भएका औषधी एवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५७.५ | | | औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| ५७.६ | | | औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ५७.७ | | | तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **जनता आवास कार्यक्रमः** स्थानीय तह सञ्चालन ऐन, २०७४ अनुसार पालिकाले सञ्चालन गरेको योजनाको लाभ लागत अनुपात मूल्यांकन गर्ने र यसकझ समग्र उपलब्धीको समिक्षा गर्ने जिम्मेवारी पालिकाको हुने गर्दछ । पालिकाले यस वर्ष र विगत वर्षहरुमा जनता आवास कार्यक्रम सञ्चालन गरी निर्माण भएका घरहरुको अनुगमन कार्यक्रमको समिक्षा गर्ने र सुधारतर्फ कुनै योजना बनाएको देखिदैंन । तसर्थ, यस कार्यक्रमको समिक्षासहित अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ५९ | | | **एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भएबमोजिमको एजविल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भएबमोजिमको नक्सा पेश गरेको देखिएन । सम्झौताको सर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन । सम्पन्न योजनामा एजविल्ट नक्सा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ । | |
| ६० | | | **पुरस्कारः** नेपाल सरकार समपूरक अनुदान कार्यविधि, २०७५ अनुसार स्थानीय तहले प्रस्तावित योजनाको लागत सहभागिता व्यहोरिने गरी समपूरक अनुदानको उपयोग गर्नुपर्दछ । साथै, जुन कार्यक्रम तथा योजनाको लागि बजेट विनियोजन भएको हो सोही प्रयोजन र शीर्षकमा बजेट खर्च गर्नुपर्ने हुन्छ । पालिकाले खराङ हात्तिसुडे पिलुवा दोभान सडकको लागि समपूरक अनुदान प्राप्त गरेको तर काका निर्माण सेवाले छिटो कार्यसम्पन्न गरेको भनी रु. ५३८२१० पुरस्कार दिएको देखिन्छ । समपूरक अनुदानमा पुरस्कारको लागि बजेट व्यवस्था गरेको देखिदैंन । बजेट व्यवस्था नभएको शीर्षकमा संघीय अनुदान खर्च गरेको अनियमित देखिएको रु. | ५३८,२१० |
| ६१ | | | **डी. पि. आर.:** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरु योजना डी.पी.आर.लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रमअनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| क्र. सं. | कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|
| १ | पोखरी फोहोरमैला ब्यवस्थापन केन्द्र (IEE) | ज्योति ईन्जिनियरिङ | ४९६०७०.०० | आ.ई.ई गरेको |

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>पिलुवाहेवाँ सभा र अरुण नदीको आई ई ई</td><td>ज्योति ईन्जिनियरिङ</td><td>१४९७२५०.००</td><td>४५४७२८९</td></tr>
<tr><td>३</td><td>चैनपुर नगरपालिका वडा नं. ३,५ र ८ वडा कार्यालयभवन निर्माण</td><td>भिजन ईन्जिनियरिङ</td><td>१९९४४५०.००</td><td>९५३६९९१४.८७</td></tr>
<tr><td>४</td><td>फुटवलग्राउण्ड निर्माणको डि पि आर</td><td>थार्कीसितन ईन्जिनियरिङ</td><td>१४८५९५०.००</td><td>१४८५९५०.००</td></tr>
<tr><td>५</td><td>वडा नं. २ ,८ र ९ मा पर्ने ६ वटा सडकहरुको डि पिआर</td><td>ईष्ट्रटन डिजाईन ईन्जिनियरिङ</td><td>१९९१६२५.००</td><td>८११८४०१२५.८०</td></tr>
<tr><td>६</td><td>वडानं. ८ र ९ मा पर्ने ३ वटा सडकहरुको डि पि आर</td><td>मलभिका ईन्जिनियरिङ</td><td>१९९१६२५.००</td><td>१३९९४४२३६५</td></tr>
<tr><td>७</td><td>वडानं.२, ८ र ९ मा पर्ने ४ वटा सडकहरुको डि पि आर</td><td>पुजन ईन्जिनियरिङ</td><td>१९९१६२५.००</td><td>९७७२७३१७४.९०</td></tr>
<tr><td>८</td><td>१५ शैया अस्पताल निर्माण</td><td>कुन्ती ईन्जिनियरिङ</td><td></td><td>१६३४८७३२४.८२</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेटबमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकतासमेत देखिएन ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>प्रोभिजनल समः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा निर्माण कार्यको लागत बनाउँदा बिमा मोबिलाइजेशन डिमोबिलाइजेशन खर्च गुणस्तर परीक्षणलगायत खर्चलाई छुट्टै आईटम बनाउनुपर्दछ । त्यस्तो पि. एस. आइटमको</td><td>३१०,०००</td></tr>
</table>

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी बिल बिजकको आधारमा दिनुपर्नेमा देहायको निर्माण व्यवसायीलाई बिल बिजकबेगर नै पि. एस. को भुक्तानी भएको हुँदा बिल बिजक पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.<br><table>
<tr><th>सि. नं.</th><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>रकम</th></tr>
<tr><td>१</td><td>चैनपुर रातमाटे बर्रे मवादीन सडक</td><td>काका निर्माण सेवा</td><td>१५००००</td></tr>
<tr><td>२</td><td>खराङ्ग हात्तिसुडे पिलुवा दोभान सडक</td><td>काका निर्माण सेवा</td><td>१०००००</td></tr>
<tr><td>३</td><td>खराङ्ग हात्तिसुडे पिलुवा दोभान सडक दोस्रो खण्ड</td><td>काका निर्माण सेवा</td><td>६००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३१००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्नेमा नगरपालिका भवन निर्माण कार्यको निर्माण व्यवसायी पुष्पाञ्जली कन्स्ट्रक्सनलाई भुक्तानी दिंदा प्राविधिक नापजाचँ मूल्याकंनमा रु. २४१६७८४८ को काम भएको देखिएको र हाल सम्म रु. २५३८३४९० भुक्तानी भएको देखिँदा बढी भुक्तानी भएको रु. १२१५६४२ असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१,२१५,६४२</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>नन् फाइलरः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले गरेको भुक्तानीमा पेश गरेको कर विजक रकम देहायका फर्मलाई मूल्य अभिवृद्धि कर रु. ८,२३,६८०/- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानुनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>८२३,६८०</td></tr>
</table>

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ. नं.</td><td>फर्मको नाम</td><td>बिज</td><td>भुक्तानी रकम मूल्य अभिवृद्धि कर बाहेक</td><td>मूल्य अभिवृद्धि कर रकम</td></tr>
<tr><td>चैनपुर रातमाटे बेर्रे सडकको पहिलो बिल भक्तानी</td><td>धर्मदेवी कन्स्ट्रक्सन प्यान नं ६०५९२८०९७</td><td>१०३।०७९।२।३१</td><td>३४५७६४</td><td>४४९०००</td></tr>
<tr><td>चैनपुर रातमाटे बेर्रे सडकको दोस्रो बिल भक्तानी</td><td>धर्मदेवी कन्स्ट्रक्सन प्यान नं ६०५९२८०९७</td><td>१०५।०७९।३।१०</td><td>८१९६३०</td><td>१०६५००</td></tr>
<tr><td colspan="2">लाक्षीकी ट्रेड इन्टरप्राइजेज प्यान नं ३०५२२८४८६</td><td>७०।०७८।३।२१</td><td>१६३७१६७</td><td>२१२८००</td></tr>
<tr><td>१८०।०७८।१२।१७</td><td>लाक्षीकी ट्रेड इन्टरप्राइजेज प्यान नं ३०५२२८४८६</td><td>११।०७८।१०।७</td><td>४२६०००</td><td>५५३८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>८२३६८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>चैनपुर रातमाटे बेर्रे सडकः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्झौताअनुसार भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले चैनपुर रातमाटे बेर्रे सडकमा धर्मदेवी कम्स्ट्रक्सनसँग रु. ४८१६८३२ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरे पनि रु. ४८३३८३२ को कामको मूल्यांकन गरी भेरिएसन नगरी रु. १७००० बढी भुक्तानी दिएको हुँदा सम्झौताभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>१७,०००</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>कर बिजकः मुल्य अभिवृद्धि कर ऐन, २०५२ मा कर बिजकमा कुनै प्रकारको केरमेट तथा सच्चाउने कार्य गर्न नहुने व्यवस्था रहेकोमा भौचर नम्बर ५४।०७८।१०।३ बाट धर्मदेवी कन्स्ट्रक्सन प्रा. लि. प्यान नं. ६०५९२८०९७ लाई रु. ५४८१६३ भुक्तानी दिंदा कर बिजक नं. ०१७ मिति ०७८।१५।१७ मा बिजक नम्बर हातले सच्चाएको हुँदा उक्त बिजकको कर समायोजन पेश हुनुपर्ने रु.</td><td>६३,०६३</td></tr>
</table>

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्य गर्न अघि लागत अनुमान बनाई स्वीकृत गर्ने व्यवस्था छ । लागत अनुमानमा उल्लेखित आइटम तथा काम सोही परिमाणमा गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने व्यवस्था नियम ९७ मा रहेको छ । पालिकाले पोखरी श्याचोक सरस्वती मा. वि. हेल्थपोष्ट प्याङकोट पाँचखपन जोड्ने सडक स्तरवृद्धि योजनामा चौडाइ बढाउने सोइलिङ गर्ने र मेसनरी ढुङ्गाको वाल लगाउने गरी उपभोक्ता समितिसँग सम्झौता भएको देखिन्छ । उक्त योजनाको भुक्तानी दिँदा मेशिनरी ढुङ्गाको वाल लगाउनुको सट्टा पुनः माटो खन्ने काम बढी गरेको देखिन्छ । माटो खन्ने काममा मेशिन प्रयोग भएतापनि मानिसद्वारा खनेको देखाई बढी दर भुक्तानी गरेको छ । ६९५ क्यु. मि. को खन्ने कार्यमा प्रति क्यु. मि. ४४० का दरले रु. ३०५८०० बढी भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>३०५,८००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>हेभी इक्युपमेन्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिकाअन्तर्गत सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्थाबमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई पालिकाको सहमति लिएको पाइएन । नियमावलीको व्यवस्थाअनुरुप सहमती लिनुपर्दछ । यसका केही उदाहरण निम्नानुसार छन्-
<table>
<tr><th>भौ.नं. र मिति</th><th>योजनाको नाम</th><th>रकम</th></tr>
<tr><td>३४।०७८।८।२०</td><td>सिहंदेवी आ वि खेलमैदान</td><td>७१३७३०</td></tr>
<tr><td>११४।०७८।११।१८</td><td>चैनपुर ११ घोरेटार सभाखोला सडक</td><td>४९०१०७</td></tr>
<tr><td>२३२।०७९।१।७</td><td>ढुङ्गे गाउ हेवाखोला सडक</td><td>४०६०००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४९।०७९।१।९</td><td>खालिङ हुदै लेवासिङ सडक</td><td>९९६३०१</td></tr>
<tr><td>२५०।०७९।१।९</td><td>खानी खोला खपाङ्गी चौतारा पिप्ले सडक</td><td>४९४९०२</td></tr>
<tr><td>२९१।०७९।२।११</td><td>स्वास्थ्य चौकी देखि भगवती आ वि हुदै वासिङ्गे सडक</td><td>९९७५८७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>
फरक दर भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र १० मा सार्वजनिक निकायले लागत अनुमान बनाउँदा स्वीकृत दररेटको प्रयोग गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको योजनाहरुमा उपभोक्ता समितिहरुलाई भुक्तानी दिँदा स्वीकृत दरभन्दा बढी दरले कामको मूल्यांकन गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>योजना</td><td>काम</td><td>परिमाण</td><td>स्वीकृत रेट</td><td>भुक्तानी रेट</td><td>बढी भुक्तानी दर</td><td>जम्मा</td></tr>
<tr><td rowspan="2">रनसूर्य डाडा सिमाली चौतारा मोटर बाटो</td><td>साधारण माटो</td><td>१३२७</td><td>३५</td><td>४०</td><td>५</td><td>६६३५</td></tr>
<tr><td>नरम चट्टान</td><td>८८५</td><td>१०२</td><td>११६</td><td>१४</td><td>१२३९०</td></tr>
<tr><td rowspan="2">सिंहदेवी आ वि खेल मैदान</td><td>साधारण माटो</td><td>९०३०</td><td>३५</td><td>४०</td><td>५</td><td>४५१५०</td></tr>
<tr><td>नरम चट्टान</td><td>३०१०</td><td>१०२</td><td>११६</td><td>१४</td><td>४२१४०</td></tr>
<tr><td>वडा नं. ४ सडक मर्मत तथा सरसफाइ</td><td>साधारण माटो</td><td>७०३१</td><td>३५</td><td>४०</td><td>५</td><td>३५१५५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१४१४७०</td></tr>
</table>
</td><td>१४१,४७०</td></tr>
</table>

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **पिलुवा खोला बन्चरे ग्रामीण सौर्य उर्जा खानेपानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने छ । कुनै कारणवश सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्ने छ । त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले पिलुवा खोला बन्चरे ग्रामीण सौर्य उर्जा खानेपानी आयोजनाको कार्य २०७९।३।१५ मा सम्पन्न हुनुपर्नेमा रु. ११४५९७३ को कार्य भएको देखिन्छ । उपभोक्ता समितिले लिएको काम सम्पन्न गराई कार्यसम्पन्न पेश हुनुपर्ने रु. | ११,४५,९७३ |
| ७१ | | | **नर्म्स भन्दा बढी खर्चः** नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१५.१५ मा प्रतिवेदकले प्रतिवेदन तयार गरी पेश गरेमा पारिश्रमिक स्वरुप एक दिनको कार्यक्रम भए रु. १,०००।- र एक दिनभन्दा बढी भएमा अतिरिक्त थप रु. ५००।-दिन मिल्ने तर प्रति कार्यक्रम रु. ३,०००।- भन्दा बढी दिन नमिल्ने व्यवस्था छ । पालिकाले देहायका कार्यक्रम सञ्चालन गरेबापत देहायका प्रतिवेदकहरुलाई मापदण्डभन्दा बढी भुक्तानी गरेको रकम सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ । | ६,८०० |

| क्र. सं. | प्रतिवेदक | कार्यक्रम | खर्च गरेको रकम | खर्च गर्न पाउने रकम | कर कट्टी पछि बढी खर्च गरेको रकम |
|---|---|---|---|---|---|
| १ | म.वि.नि.श्री लक्ष्मी अधिकारी | बालबालिका,अपाङ्गता तथा जेष्ठ नागरीक लगायतको तथ्यांक संकलन तथा अद्यावधिक | ३००० | १००० | १७०० |
| २ | हे.अ.श्री हिमालराज ढकाल | न्यूनतम सेवा मापदण्डको कार्यक्रम संचालन | ३००० | १००० | १७०० |
| ३ | हे.अ.श्री हिमालराज ढकाल | टाईफाईड खोपको अभिमूखीकरण(१दिन) | २००० | १००० | ८५० |

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>हे.अ.श्री हिमालराज ढकाल</td><td>CIMNCI सम्बन्धी स्थलगत अनुशिक्षण(२ दिन)</td><td>३०००</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td>५</td><td>अ.न.नि.श्री सृजना तामाङ्ग</td><td>मातृ सुरक्षा चक्कीको समीक्षा तथा अभिमुखीकरण(२दिन)</td><td>३०००</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>६८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>अनुदानको अनुगमनः सार्वजनिक निकायबाट उपलब्ध गराइएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेका छन् । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>धरौटी कारोबारः पालिकाको धरौटी खातामा गत वर्षको अ.ल्या. रु. ९३९१२०५ र यो वर्षको थप रु. ४२९९७२१ गरी जम्मा रु. १३६९०९२६ प्राप्त गरेकोमा रु. ५०७४३३५ फिर्ता भई रु. ८६१६५९१ मौज्दात रहेको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन्-</td><td></td></tr>
<tr><td>७३.१</td><td></td><td></td><td>कार्यालयले अनुसूची ११ बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची १२ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले व्यक्तिगत धरौटी खाता राखेको पाइएन । धरौटी खाता नराख्दा धरौटी फिर्ता र बाँकीको अवस्था यकिन नहुने हुनाले नियमावलीमा व्यवस्था भए बमोजिम धरौटी खाता प्रयोगमा ल्याउनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र. सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद ७ मा धरौटी खातामा रहेको रकम फिर्ता दिने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष देहायको धरौटी फिर्ता गर्दा कर समायोजन नराखी फिर्ता गरेको हुँदा सम्बन्धित निर्माण व्यवसायीको कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>सि. नं.</th><th>भौचर र मिति</th><th>निर्माण व्यवसायी</th><th>ठेक्काको नाम</th><th>रकम</th></tr>
